# माओवादी सेनाका लडाकुहरुको रेखदेख, नियन्त्रण, निर्देशन प्रक्रिया र आचारसंहिता सम्बन्धी निर्देशिका, २०६७

माओवादी सेनाका लडाकुहरुको रेखदेख, समायोजन र पुनःस्थापनका लागि गठित विशेष समिति संयोजक एवं सदस्यहरुबाट मिति २०६७ भदौ ३१ गते स्वीकृत भएको -

सम्माननीय प्रधानमन्त्री माधवकुमार नेपाल
संयोजक

माननीय डा. मिनेन्द्रप्रसाद रिजाल
सङ्घीय मामिला, संविधानसभा,
संसदीयव्यवस्था तथा संस्कृति मन्त्री

माननीय महेन्द्रप्रसाद यादव
उद्योग मन्त्री
सदस्य

श्री ईश्वर पोखरले
सदस्य

माननीय डा. रामशरण महत
सदस्य

माननीय वर्षमान पुन
सदस्य

माननीय जनार्दन शर्मा (प्रभाकर)
सदस्य

माननीय जयप्रकाश प्रसाद गुप्ता
सदस्य

श्री जितेन्द्रनारायण देव
सदस्य

This document was created using SmartPDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४६ बमोजिम माओवादी सेनाका लडाकुहरुको रेखदेख, समायोजन र पुनःस्थापनका लागि गठित विशेष समितिको मिति २०६७।५।३१ को निर्णयानुसार माओवादी सेनाका लडाकुहरुको रेखदेख, नियन्त्रण, निर्देशन प्रक्रिया र आचारसंहिता देहायबमोजिम तोकिएको छ । माओवादी सेनाका लडाकुहरुको रेखदेख, नियन्त्रण, निर्देशन प्रक्रिया र आचारसंहिता सम्बन्धी निर्देशिका, २०६७ असोज १, २०६७ देखि विशेष समिति आफैले वा आफू अन्तर्गत गठित सचिवालय वा टोलीहरु मार्फत यस निर्देशिका बमोजिम लडाकुहरुको रेखदेख, नियन्त्रण, निर्देशन तथा आचारसंहिताको पालना गराउने छ ।

## १. रेखदेख

क. अभिलेखमा उल्लिखित तथ्याङ्क अनुसारका लडाकुहरुको विवरण अद्यावधिक गर्ने ।

ख. शिविरको व्यवस्थापन पक्ष, भौतिक संरचनालगायतका विविध पक्षको अवस्था बारे जानकारी लिने तथा आवश्यकता अनुसार निरीक्षण गर्ने ।

ग. लडाकुहरुको रेखदेखसम्बन्धमा शिविरमा रहेका अनमिन प्रतिनिधिसँग समन्वय गरी कार्य-सम्पादन गर्ने ।

घ. मासिक भत्ता, भरणपोषण, औषधि उपचार, खानेपानी, बिजुली आदिको नियमितताबारे अनुगमन गर्ने ।

ङ. शिविरभित्रको जिन्सी मालसामानको अभिलेख राख्न लगाउने ।

च. अनमिनसँग समन्वय गरी अभिलेखमा उल्लेख भएअनुसार हातहतियार, गोलीगठ्ठाहरु ठीक अवस्थामा रहे नरहेको अनुगमन गर्ने ।

छ. शिविरभित्र र बाहिर व्यक्ति प्रवेशमा प्रक्रिया/नियन्त्रण कस्तो छ सोको अनुगमन गर्ने ।

ज. शान्ति सम्झौता विपरीत शिविरभित्र वा बाहिर कुनै कार्य हुन नदिने ।

झ. लडाकुहरुको समस्या, स्थिति तथा सुविधाको जानकारी लिने र व्यवस्थापन गर्ने ।

ञ. शिविरभित्र भइरहेका विभिन्न तालिम तथा प्रशिक्षणको जानकारी लिने ।

ट. देहायका कार्यहरुको अनुगमन गर्ने ।

  (क) दैनिक तालिका निर्धारण गरी दैनिक कार्यसञ्चालन ।

  (ख) १२ प्रतिशत बिदा छाड्दाको अभिलेख र बिदाको किसिम ।

  (ग) हाजिर/गयल/बिरामी/अन्य ।

## २. नियन्त्रण

क. अनमिन (UNMIN) द्वारा प्रमाणित सबै लडाकुहरु विशेष समितिअन्तर्गतको रेखदेख र नियन्त्रणमा रहेको स्पष्टरुपमा सम्बन्धित व्यक्ति एवं संस्थाहरुलाई जानकारी गराउने ।

ख. अनुसूचीमा उल्लेख भएको ढाँचामा शिविर, लडाकुहरु तथा हातहतियारका बारेमा दैनिक, साप्ताहिक, पाक्षिक तथा मासिक रुपमा यथार्थ प्रतिवेदन विशेष समितिमा पठाउने ।

ग. शिविर कमाण्डरहरुको काज र सरुवा लडाकुहरुको मुख्य कमाण्डरको सिफारिसमा विशेष समितिको स्वीकृतिले मात्र गर्ने ।

घ. लडाकुहरुको समायोजन तथा पुनःस्थापन कार्य प्रारम्भ भई सम्पन्न नभएसम्म शिविर सह-कमाण्डर, सहायक शिविर कमाण्डर र तलका लडाकुहरुको काज र सरुवा अर्को आदेश नहुन्जेलसम्म नगर्ने ।



This document was created using SmartPDFCreator
To remove this message purchase the product at www.SmartPDFCreator.com

ङ. एकै पटकमा कुल संख्याको १२ प्रतिशतसम्मलाई मात्र कमाण्डरले बिदा छाड्न सक्नेछन् र सोको जानकारी विशेष समितिलाई दिनुपर्नेछ । कुनै विशेष कार्यका लागि सोभन्दा बढी लडाकुहरु शिविर बाहिर पठाउनु परेको खण्डमा विशेष समितिको पूर्वस्वीकृति लिनुपर्नेछ ।

च. विशेष समितिको नियन्त्रणमा रही कमाण्डरहरुले शिविरको दैनिक कार्यसञ्चालन गर्ने ।

छ. शिविरभित्र वा बाहिर लडाकुहरु संलग्न कुनै घटना वा दुर्घटना भएमा सम्बन्धित कमाण्डरले तत्काल विशेष समितिलाई जानकारी गराई घटनाको प्रारम्भिक जाँचबुझ गरी प्रतिवेदन पठाउने ।

ज. सम्झौतामा उल्लेख भएको र तोकिएको ठाउँमा रहेको हातहतियार, गोलीगठ्ठाहरु कुनै कारणवश अर्को ठाउँमा लैजानु परेमा विशेष समितिको स्वीकृति लिएर मात्र कार्यान्वयन गर्ने ।

## ३. निर्देशन

क. लडाकुहरुले विशेष समिति र सचिवालयले तोकेको निकाय, टोली र व्यक्तिबाट प्राप्त निर्देशनलाई पालना गर्ने ।

ख. निर्देशनको प्रक्रिया (Chain of Command) र आचारसंहिता विपरीत कुनै कार्य नगर्ने/गर्न नदिने ।

ग. रेखदेख, समायोजन र पुनःस्थापनका क्रममा विशेष समितिको कार्यमा सहयोग गर्ने ।

घ. नेपालको अन्तरिम संविधान, विस्तृत शान्ति सम्झौता, राजनैतिक दलहरुबीच सम्पन्न ७ बुँदे सहमति तथा हतियार तथा सेना व्यवस्थापन सम्बन्धी सम्झौतालगायत अन्य सहमतिहरुको पालन गर्ने ।

## ४. रेखदेख र नियन्त्रण प्रक्रिया




This document was created using Smart PDFCreator. To remove this message purchase the product at www.SmartPDFCreator.com

क. यस निर्देशिकाको कार्यान्वयनको लागि प्राविधिक समितिले सचिवालयको रुपमा कार्य गर्ने छ । यस सचिवालयमा नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी र माओवादी सेनाका लडाकुका प्रतिनिधिहरु सदस्य हुने छन् ।

ख. शिविर व्यवस्थापन केन्द्रीय समन्वयकर्ताको कार्यालय र स्थानीय शिविर व्यवस्थापन कार्यालयहरुले सचिवालय तथा टोलीहरुको कार्यमा सघाउ पुऱ्याउने छन् । सचिवालयको सचिवको कार्य समन्वयकर्ताको कार्यालयको प्रतिनिधिले गर्ने छन् ।

ग. मुख्य शिविर र सहायक शिविरमा सचिवालयको मातहतमा रहने गरी आवश्यकताअनुसार टोलीहरु गठन गरिने छन् । यी टोलीहरुले शिविरहरुको रेखदेख, नियन्त्रण र अनुगमनको कार्य गर्ने छन् ।

## ५. आचारसंहिता

क. शिविरमा बस्ने लडाकुहरुले निर्देशनको प्रक्रिया (Chain of Command) र अनुशासनलाई आत्मसात गरी तोकिएको जिम्मेवारी वहन गर्ने ।

ख. अन्तरिम संविधान र शान्ति सम्झौतामा प्रतिकूल असर पर्ने वा विवाद सिर्जना हुने कुनै पनि अभिव्यक्ति नदिने ।

ग. जनसमुदायमा नकारात्मक असर पर्ने कुनै प्रदर्शन वा क्रियाकलाप नगर्ने/गर्न नदिने ।

घ. रेखदेख, समायोजन, पुनःस्थापना तथा शान्ति प्रक्रियालाई प्रतिकूल असर पर्ने खालको अभिव्यक्ति सञ्चार माध्यमबाट नदिने ।

ङ. चन्दा, आर्थिक सहयोगको रुपमा नगदी, जिन्सी नउठाउने तथा कुनै पनि पेशा वा आय-आर्जनका काममा पनि नलाग्ने ।

च. शिविरभित्र वा बाहिर कुनै पनि किसिमको राजनैतिक प्रशिक्षण नगर्ने/नगराउने ।

छ. देशको विद्यमान कानुन (संविधान, ऐन, नियम) लाई अक्षरशः पालना गर्ने तथा शिविरभित्र वा बाहिर लडाकुहरु संलग्न भएको कुनै घटना, दुर्घटना भएमा तत्काल नजिकको प्रहरी कार्यालयलाई जानकारी गराउने ।

ज. शिविरको साइन बोर्डलगायत अन्य लेखौट, चार्ट निसाना आदि विशेष समितिको निर्देशनअनुरुप मात्र हुने ।

झ. मानव अधिकार संरक्षणको लागि अन्तर्राष्ट्रिय तथा राष्ट्रिय मापदण्डअनुरुप क्रियाकलाप सञ्चालन गर्ने/गराउने ।

ञ. स्थानीय बासिन्दाको सार्वजनिक सम्पत्ति वा निजहरुले उपभोग गर्ने साधनस्रोतमा कुनै किसिमको दखल पुग्ने क्रियाकलापहरु नगर्ने/गर्न नदिने ।

ट. शिविरभित्र वा शिविरवरिपरि प्राकृतिक स्रोतसाधन वा पर्यावरणमा प्रतिकूल असर वा सन्तुलन बिग्रने खालको कुनै कार्य नगर्ने, गर्न नदिने ।

ठ. शिविरभित्र आउन वा शिविरबाहिर जान तोकिएका द्वार वा स्थानहरु मात्र प्रयोगमा ल्याउने र बाहिर-भित्र गर्नेहरुको अभिलेख राख्ने ।

ड. अनमिनद्वारा प्रमाणित हातहतियार र गोलीगठ्ठाको अतिरिक्त अन्य हतियार र गोलीगठ्ठामाथि लडाकुहरुको पहुँच तथा नियन्त्रण हुन नदिने ।

This document was created using Smart PDF Creator To remove this message purchase the product at www.SmartPDFCreator.com

अनुसूचि - १

# परिस्थिति प्रतिवेदन-दैनिक/साप्ताहिक/पाक्षिक/मासिक

मिति २०६७ । । देखि २०६७ । । सम्म

बाट : एम्.सी.एस्.
लाई : सचिवालय
बोधार्थ : विशेष समिति

यस शिविरको उपर्युक्त अवधिमा लडाकु, हतियार र अन्य विवरण देहायबमोजिम भएकाले जानकारी गराउँदछु -

**१. लडाकुहरु :**

(कं हुनुपर्ने .........................
(ख) बिदा .........................
(ग) बिरामी .........................
(घ) काज .........................
(ङ) अनुपस्थित .........................
(च) अन्य .........................
(छ) हाजिर .........................

**२. हतियारको विवरण :**

| क.सं | | शिविर सुरक्षा | | कन्टेनर | | शिविरबाहिर | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | हतियार | गोली | हतियार | गोली | हतियार | गोली | |
| १. | हुनुपर्ने | | | | | | | |
| २. | भएको | | | | | | | |
| ३. | थपघट | | | | | | | |
| ४. | अन्य | | | | | | | |

**३. अन्य गतिविधिहरु :**

(क) तालिम : कति जनाले कुनकुन स्तरको तालिम प्राप्त गरे :-
कुनकुन तालिम कतिको संख्यामा :-
कहाँकहाँ सञ्चालन भैरहेका छन् :-
कहिले सकिन्छन् :-



This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

(ख) भ्रमण : प्रत्येक शिविरको छुट्टाछुट्टै देखिने गरी :-
कसबाट कहिले :-
कति सङ्ख्यामा :-
के प्रयोजनको निमित्त भ्रमण भयो :-

(ग) नयाँ निर्माण :
नयाँ निर्माण के के भए :-
सो बारे स्रोतसाधनको व्यवस्था :-

(घ) बन्दोबस्त : रुटीनमा परेको बाहेक थप केही भए लेख्ने :-

**४. थप विषयहरु** : माथि उल्लेख नभएका तर विशेष समितिलाई जानकारी दिन उपयुक्त ठहऱ्याइएका विषयहरु ।

टोली प्रमुख.................................शिविर...............................मिति.........................

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com